# भेडा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावना:** यो प्रदेशमा भेडापालन गरी ऊन उत्पादनमा राम्रो सम्भावना रहेको छ । नेपाल विश्व व्यापार सङ्गठनको सदस्यता लिएको सन्दर्भमा निर्यात योग्य वस्तुमा कम्तिमा आठ प्रतिशत स्वदेशी कच्चा पदार्थको प्रयोग हुनु पर्ने वाध्यात्मक अवस्थाले गर्दा भेडापालन व्यवसायलाई प्रोत्साहन गर्नको लागि प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को बजेटमा समावेश भएको भेडा प्रवर्द्धन कार्यक्रमलाई व्यवस्थित, सरल, प्रभावकारी र पारदर्शी रुपमा सञ्चालन गर्न मन्त्रिपरिषदले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "भेडा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि प्रदेश मन्त्रिपरिषदबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,-

(क) **"कार्यक्रम"** भन्नाले प्रदेश सरकारको भेडा प्रवर्द्धन कार्यक्रम सम्बन्धी स्वीकृत वार्षिक कार्यक्रम र बजेट सम्झनु पर्छ ।

(ख) **"कार्यालय"** भन्नाले भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(ग) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(घ) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(ङ) **"कार्ययोजना"** भन्नाले भेडाको उन र मासु उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न भेडा प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि तयार गरिएको प्रस्ताव सम्झनु पर्छ ।

(च) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(छ) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ४ अनुसार गठित समिति सम्झनु पर्छ ।

(ज) **"साझेदार संस्था"** भन्नाले भेडापालक नीजि फार्म वा समूह वा सहकारी संस्था सम्झनु पर्छ ।

३. **उद्देश्य** : भेडा प्रवर्द्धन कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) भेडापालनलाई व्यवसायिकरण गरी ऊन र मासुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,

(ख) मूल्य श्रृखलामा आधारित भेडापालन गरी आयतको प्रतिस्थापन गर्ने,

(ग) उच्च पहाड तथा हिमाली भेगका कृषकको आयस्तर वृद्धि गर्ने,

(घ) उच्च पहाड तथा हिमाली भेगमा रोजगारी श्रृजना गर्ने ।

## परिच्छेद -२
## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** (१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतीका लागि सिफारीस गर्न कार्यालयमा सार्वजनिक खरिद ऐन-२०६३ र सार्वजनिक खरिद नियमावली-२०६४मा व्यवस्था भए बमोजिमको मूल्याङ्कन समिति रहने छ ।

(२) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले मूल्याङ्कन तथा अन्य मापदण्ड तयार गरी स्वीकृतिका लागि कार्यालयमा पेश गर्ने,

(ख) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतिका लागि कार्यालयमा पेश गर्ने ।

५. **अनुगमन मूल्याङ्कनः** यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, दफा ४ बमोजिमको समिति, निर्देशनालय र कार्यालयले गर्न सक्ने छन् । यसरी गरिएको अनुगमन र मूल्याङ्कनको प्रतिवेदन निर्देशनालय र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-३
## कार्यक्रम सञ्चालन प्रकृया

६. **प्रकृयाः** यस कार्यविधि बमोजिम भेडा प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछः-

(क) भौगोलिक वातावरणीय तथा प्राविधिक दृष्टिकोणबाट भेडापालनको लागि उपयुक्त प्रदेश नम्बर तीनका चार जिल्लाहरुमा प्रथम वर्ष आ.व. २०७५/०७६ मा यो कार्यक्रम लागु हुने छन् । आगामी वर्षहरुमा सम्भावना र प्रतिफलको आधारमा अन्य जिल्लाहरुमा समेत विस्तार गरिदै लगिने छ ।

(ख) कार्यक्रम सञ्चालन हुने जिल्लाहरुका भेडा प्रवर्द्धन कार्यक्रममा साझेदारी गर्न ईच्छुक भेडापालक कृषक, समूह, सहकारीका लागि मन्त्रालयले अनुसूची-१ अनुसार प्रताव आह्वान गर्नेछ ।

(ग) साझेदारी गर्न ईच्छुक भेडापालक कृषक, समूह, सहकारी संस्थाहरुले अनुसूची-२ अनुसारको निवेदनका साथ अनुसूची-३ अनुसारको कार्ययोजना कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

(घ) कार्यक्रममा साझेदारी गर्न ईच्छुक भेडापालक कृषक भए कम्तिमा तिस वटा, समूह भए कम्तीमा पचास वटा र सहकारी संस्थाको हकमा दुई सय पचास वटा प्रजनन् योग्य माउ भेडापालन गरेको हुनु पर्नेछ ।

(ङ) दर्ता भएका प्रस्तावहरु दफा ४ बमोजिमको मूल्याङ्कन समितिले अनुसूची-५ अनुसार मूल्याङ्कन गर्नेछ ।

(च) प्रस्तावकले प्राप्त गरेको प्राप्ताङ्कलाई सिलसिलेवार रुपमा कम्पाईल गरी मूल्याङ्कन समितिले छनौट र प्रस्ताव स्वीकृतका लागि कार्यालयमा पेश गर्नेछ ।

(छ) कार्यालयले साझेदार संस्थाको छनौट र प्रस्ताव स्वीकृत गर्नेछ ।

(ज) छनौट भएको साझेदार संस्थालाई सम्झौता गर्न आउन पन्ध्र दिनको समयावधी दिई कार्यालयले सात दिन भित्र जानकारी गराउनु पर्दछ ।

(झ) उपदफा (झ) बमोजिमको समयभित्र आउने साझेदार संस्थाहरुसँग कार्यालयले अनुसूची-४ अनुसार सम्झौता गर्नु पर्दछ ।

(ञ) उपदफा (झ) बमोजिमको समयभित्र उपदफा (ञ) बमोजिम सम्झौता गर्न नआउने साझेदार संस्थाको छनौट स्वतः रद्द भएको मानी दोश्रो प्राथमिकता प्राप्त साझेदार संस्थालाई छनौट गर्न बाधा पुगेको मानिने छैन ।

(ट) उपदफा (ग) बमोजिमको प्रस्ताव आह्वान गर्दा एक मात्र प्रस्ताव परी उपदफा (ट) बमोजिमको परिस्थिती पर्न आए पन्ध्र दिनको सूचना प्रकाशन गरी पुनः प्रस्ताव आह्वान गर्न सकिने छ ।

(ठ) छनौट गरिएका साझेदार संस्थामा भएका प्रजनन् योग्य थुमा र माउ भेडाको छनौट तथा ट्यागिङ्ग गर्ने, प्रजनन् अयोग्य र कम उत्पादनशिल थुमालाई बन्ध्याकरण गर्ने तथा पाठीहरुलाई हटाइने छ ।

(ड) वर्षमा तीन पटक आन्तरिक तथा वाह्य परजिवी नियन्त्रण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

(ढ) कार्यक्रममा सहभागी हुने साझेदार संस्थाका सवै भेडाको विमा गर्ने ।

(ण) साझेदार संस्थाले पालेका भेडामा पी.पी.आर. विरुद्ध खोप लगाइने छ ।

(त) समूहमा कम्तिमा पाँच जना सदस्य हुनु पर्नेछ ।

(थ) कार्यक्रममा सहभागी हुन चाहने साझेदार संस्थाले कार्यालय वा सम्बन्धित निकायमा दर्ता भएको हुनु पर्नेछ ।

(द) प्रजननका लागि वितरण गरिने थुमाहरु अनुसूची-६ बमोजिम सम्झौता गरी दिनु पर्दछ ।

## परिच्छेद -४
## <u>आर्थिक पक्षः</u>

७. <u>भुक्तानी सम्बन्धीः</u> घुम्ती गोठ निर्माण तथा थुमा खरिद आदिको भुक्तानी छनौट भएको साझेदार संस्थाको खातामा जम्मा हुने गरी उपलब्ध गराईने छ । रकम प्राप्त गर्न छनौट भएको साझेदार संस्थाले विल/भर्पाई पेश गर्नु पर्नेछ ।

८. <u>कार्यक्रम सञ्चालनः</u> भेडा प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि वढीमा दुई किस्तामा अनुदान रकम साझेदार संस्थाको बैंक खातामा जम्मा गरी उपलब्ध गराईने छ । साझेदार संस्थाले भेडाको खोर बनाई सकेपछी अनुदानको पचास प्रतिशत रकम पहिलो किस्ता वापत उपलब्ध गराईने छ । साथै सम्पूर्ण कार्य सम्पन्न पश्चात दोश्रो किस्ता अनुदान रकम उपलब्ध गराइने छ ।

९. कार्यक्रमबाट उपलब्ध गराइने अनुदान तथा सामग्रीहरु निम्नानुसार हुनेछः (रु.हजारमा)

| क्र.सं. | कार्यक्रम | अनुदान | स्वलगानी | जम्मा |
|---|---|---|---|---|
| १ | घुम्ती गोठ निर्माण | १००। | ५०। | १५०। |
| २ | डिपिङ ट्याङ्की निर्माण /पोर्टेवल | ५०। | १५। | ६५। |
| ३ | चरन खर्कमा झाडी बुट्यान हटाइ घास खेती गर्ने | ५०। | ५०। | १००। |
| ४ | आषधी खरिद(आन्तरिक,वाह्य परजिवी नियन्त्रण,खोप पि.पि.आर.र खोरेत ) | ५०। | ०० | ५०। |
| ५ | तौलने मेसिन विद्युतिय | २०। | ५। | २५। |
| ६ | ऊन काट्ने कैंची १५ गोटा | १५। | ३। | १८। |
| ७ | सोलार प्यानल २ गोटा | १००। | ३०। | १३०। |
| ८ | थुमा खरिद र ढुवानी | ७०। | ३०। | १००। |
| ९ | अनुगमन | ४५। | ०० | ४५ |
|  | जम्मा | ५००। | १८३। | ६८३। |

१०. अनुदान रकमबाट तीन प्रतिशत कन्टिनजेन्सी कटाइ बाँकि रकम भुक्तानी गरिने छ ।

११. मन्त्रालयले अनुदान प्राप्त गर्ने साझेदार संस्थाको विवरण चौमासिक रुपमा मन्त्रालयको वेभसाईटमा राख्नु पर्नेछ ।

## परिच्छेद -५
## मापदण्ड सम्बन्धमा

१२. मापदण्डका आधारहरुः (१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको मापदण्ड हुनु पर्नेछः-

(क) आफ्नै स्वामित्वमा जग्गा भएका साझेदारी संस्थालाई प्राथमिकता दिईने छ । सो नभए साझेदारी संस्थाले सरकारी जग्गा (स्कुल, गाउँपालिका, नगरपालिका, गुठी आदीको) वा निजी जग्गा कम्तीमा बीस वर्षको लागि भाडामा लिएको हुनु पर्नेछ।

(ख) साझेदार गर्ने नीजि फार्मले कम्तिमा तीस वटा, समूहले कम्तीमा पचास वटा र सहकारी संस्थाको हकमा दुई सय पचास वटा प्रजनन् योग्य माउ भेडापालन गरेको हुनु पर्नेछ ।

(ग) समूहमा कम्तिमा पाँच जना सदस्य हुनु पर्नेछ ।

(घ) साझेदारले अनिवार्य रुपमा भेडाको बीमा गरेको हुनु पर्नेछ ।

प्रदेश सरकार
... कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## परिच्छेद -६
## विविध

१३. **प्रगति पठाउने प्रकृयाः** (१) साझेदार संस्थाले मासिक रुपमा प्रगति प्रतिवेदन कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा कम्पाईल गरी कार्यालयले निर्देशनालय र मन्त्रालयमा पठाउनु पर्नेछ ।

१४. **कार्यक्रमको प्रभावकारीताः** कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन अन्य संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनासँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

१५. **संशोधनः** यो कार्यविधि कार्यान्वयन सम्बन्धी बाधा अडचन मन्त्रालयले फुकाउने छ ।

१६. **वचाउः** यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्यमा प्रचलीत कानून बमोजीम हुनेछ ।

अनुसूची -१

(दफा ६को उपदफा (ग)सँग सम्बन्धित)

**प्रस्ताव आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति ..........

आर्थिक वर्ष ........ को स्वीकृत वार्षिक कार्यक्रममा भेडा प्रवर्द्धन कार्यक्रम रहेकोले लागत साझेदारीमा सहभागी हुन इच्छुक निजी फार्म वा समूह वा सहकारी संस्थाबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले तीस दिनभित्र तोकिएको ढाँचामा प्रस्तावित कार्ययोजना सहित सम्बन्धित कार्यालयमा दरखास्त दिनुहुन सूचित गरिन्छ । निवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

तपसिलः

१. रु. १०।– को हुलाक टिकट टाँस गरेको निवेदन सहितको प्रस्ताव-पत्र,
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी,
३. हालसालै खिचेको पासपोर्ट साईजको फोटो,
४. अन्य प्रमाणित पत्रहरु(तालिम, शैक्षिक, योग्यता, अनुभव आदि) को प्रतिलिपीहरु,
५. भेडाको चरन र खर्कको विवरण ।

## अनुसूची -२

(दफा ६को उपदफा (घ)सँग सम्बन्धित)

**भेडा प्रवर्द्धन कार्यक्रममा सहभागी हुन दिने निवेदन**

मितिः ....................

श्रीमान् कार्यालय प्रमुख ज्यू,

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, .............

विषयः- भेडा प्रवर्द्धन कार्यक्रम उपलब्ध गराई दिने बारे।

महोदय,

तहाँबाट मिति ................. गतेको ............. पत्रिकामा प्रकाशित सूचना अनुसार दरखास्त माग भए बमोजिम भेडा प्रवर्द्धन कार्यक्रममा सहभागी हुन तीव्र चाहना भएकोले निम्नानुसार कागजात संलग्न गरी यो निवेदन पेश गरिएको छ । अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गरिने प्रतिवद्धता समेत जाहेर गरिन्छ।

तपसिलः

१. कार्ययोजना,

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी,

३. फर्म/समूह/सहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपी,

४. भेडापालन गर्ने क्षमता( अन्य घाँसको श्रोत, खर्कको विवरण आदी) ।

अनुसूची -३

(दफा ६को उपदफा (घ)सँग सम्बन्धित)

अनुदान प्राप्त गर्न साझेदार संस्थाले पेश गर्नु पर्ने कार्ययोजना

कार्यक्रम नाम:

साझेदार संस्थाको नाम: ठेगाना: मितिः

(रु.हजारमा)

| क्र.सं. | कार्यक्रम | अनुदान | स्वलगानी | जम्मा |
|---|---|---|---|---|
| १ | घुम्ती गोठ निर्माण | | | |
| २ | डिपिङ्ग ट्याङ्की निर्माण/पोर्टेवल | | | |
| ३ | चरन खर्कमा झाडी बुट्यान हटाई घाँस खेती गर्ने | | | |
| ४ | औषधी खरिद (परजिवी नियन्त्रण, खोपः-पि.पि.आर. र खोरेत) | | | |
| ५ | तौलने मेसिन विद्यूतिय | | | |
| ६ | ऊन काट्ने कैंची १५ गोटा | | | |
| ७ | सोलार प्यानल २ गोटा | | | |
| ८ | थुमा खरिद | | | |
| ९ | ढुवानी | | | |
| | जम्मा | | | |

## अनुसूची -४
### (दफा ६को उपदफा (ञ)सँग सम्बन्धित)
### सम्झौता-पत्र

आर्थिक वर्ष ... ... मा सञ्चालन हुने भेडा प्रवर्द्धन कार्यक्रमका लागि छनौट भएका नीजि फार्म/समूह/सहकारी संस्था(यस भन्दा पछाडि दोश्रो पक्ष भनिने) र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, .......... (यस भन्दा पछाडि पहिलो पक्ष भनिने) बीच तपसिलका शर्तनामाहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न द्विपक्षीय सम्झौता भएको छ ।

**तपसिलः**

१. पहिलो पक्षले दोश्रो पक्षलाई भेडा प्रवर्द्धन कार्यक्रम अन्तर्गत दिनुपर्ने अनुदान रकम दोश्रो पक्षको बैंक खातामा जम्मा गरी उपलब्ध गराउने छ ।
२. अनुदान रकमको दुरुपयोग भएको पाईएमा दोश्रो पक्षबाट सो रकम असुल उपरको लागि प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिने छ ।
३. पहिलो पक्षबाट तोकिएको प्राविधिक विषयवस्तुलाई दोश्रो पक्षले अनिवार्य पालना गर्नु पर्नेछ ।
४. भेडा प्रवर्द्धनबाट उत्पादित वस्तुको बजार व्यवस्था दोश्रो पक्ष स्वयंले गर्नु पर्नेछ ।
५. प्रथम पक्षको तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण, अनुगमन, तालिम, भ्रमण आदीमा सहयोग गर्नु दोश्रो पक्षको दायित्व हुनेछ ।
६. दोश्रो पक्षले मासिक रुपमा प्रगति विवरण प्रथम पक्षलाई बुझाउनु पर्नेछ ।
७. यस सम्झौतामा उल्लेखित काम गर्दा परिआउन सक्ने भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं हुनेछ ।
८. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।
९. प्रदेश सरकारले आवश्यक ठानेका अन्य विषयवस्तु प्रथम पक्षले थपघट गर्न सक्नेछ ।

| प्रथम पक्षको तर्फबाट सही गर्नेको: | दोश्रो पक्षको तर्फबाट सही गर्नेको: |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्थाको छापः |

### रोहवर

| | |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्थाको छापः |

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची -५
### (दफा ६को उपदफा (च)सँग सम्बन्धित)
### मूल्याङ्कनका आधारहरु

भेडा प्रवर्द्धन कार्यक्रम अन्तर्गत फार्म छनौट गर्दा अपनाइने मूल्याङ्कनका आधारहरु

| क्र. स. | द. नं. | आवेदक को नाम | ठेगाना | व्यवसायको सम्भाव्यता उपयुक्तता (४०) | अनुभव तालिम (२०) | पालिरहेको वा व्यवसाय शुरु गर्ने भेडको संख्या (२०) | विकास गरिने खर्कको क्षेत्रफल (२०) | कुल प्राप्तांक (१००) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अनुसूची -६

(दफा ६को उपदफा (ध)सँग सम्बन्धित)

## कार्यालयले कृषकसँग गराउने प्रजनन् योग्य थुमाको शर्तनामा

भर्पाई दादै आगे जिल्ला ......... गाउँपालिका/नगरपालिका ............. वडा नं. .... निवासी म .......... ले आफ्नो फार्म र स्थानीय कृषकहरुले पालेका भेडाहरुमा प्रजनन् सेवा उपलब्ध गराई भेडाको नश्ल सुधार, विकास र बिस्तारको लागि टवा पुऱ्याउन कार्यालयबाट प्राप्त ट्याग नम्बर ... को ... ... जातको प्रजनन् योग्य थुमा आज मिति ... ... ... गतेका दिन तपसिल बमोजिमका शर्तनामा गरी यो भर्पाई गरी दियौं ।

**शर्तनामाः**

१. आफुले बुझिलिएको थुमालाई प्रजननको लागि मात्र प्रयोग गरी सोको अभिलेख कार्यालयमा बुझाउने छु ।
२. थुमा बिरामी भएमा नजिकको स्थानीय तह वा कार्यालयमा लगी उपचार गराउने छु ।
३. वर्षमा कम्तिमा तीन पटक परजिवी विरुद्ध औषधी खुवाउने छु ।
४. थुमा अचानक मरेमा नजिकको स्थानीय तहमा वा कार्यालयमा पोष्टमार्टम गराउने छु ।
५. आफ्नै लापवाहीका कारण थुमा मरेको प्रमाणित भएमा सोही गुणस्तरको थुमा नीजि खर्चमा व्यवस्था गरी सेवालाई निरन्तरता दिनेछु ।
६. यस क्षेत्रका भेडापालक कृषक तथा नीजि फार्मले प्रजनन् सेवाको लागि थुमा माग गरेमा आवश्यकता अनुसार उपलब्ध गराउने छु ।
७. हाडनाता हुने प्रजनन् नियन्त्रणका लागि आवश्यक व्यवस्था मिलाउने छु ।
८. प्रजनन् सेवाको विवरण हरेक महिना कार्यालयमा पठाउने छु ।
९. कार्यालयबाट थुमा व्यवस्थापनको लागि अन्य कृषकलाई दिने निर्देशन दिएको अवस्थामा सोको पालना गर्नेछु ।

**थुमा बुझ्नेको दस्तखतः**      **बुझाउनेको दस्तखतः**

मितिः      मितिः

**साक्षी/रोहवरः**      **कार्यालयका प्रतिनिधिको**

........... पालिका निवासी श्री ................. दस्तखतः      नाम र दस्तखतः

........... पालिका निवासी श्री ................. दस्तखतः      कार्यालय वा समूह/समितिको छापः

**ईतिश्री सम्वत् ... ... ... साल ... ... ... महिना ... गते ... रोज शुभम् ।**